# मिति २०८३/०२/२७ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

नेपालगञ्ज, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७२

**निर्णय नं. १**

नेपालगञ्ज उपमहानगरपालिका नगर सभाका अधिवेशनहरु नेपालगञ्ज सिटी हल, नेपालगञ्ज-१४ बाँकेमा सञ्चालन हुँदै आईरहेकोमा हाल उक्त हलको निर्माण कार्य चलिरहेको हुँदा नगर सभाको १९ औं अधिवेशन मिति २०८३/०३/१० गते बुधबार बिहान ०८.०० बजे सिद्वार्थ कटेज, धम्बोझी नेपालगञ्ज, बाँकेमा सञ्चालन गर्ने ।

**निर्णय नं. २**

नेपालगञ्ज उपमहानगरपालिका नगर सभाको १८ औं अधिवेशन मिति २०८२/०९/०५ गते "नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रभित्र निर्माण भईसकेका तर प्रमाणीकरण तथा नक्शा पास हुन बाँकी रहेका भवनहरुको मिति २०८३ असार मसान्तसम्मका घरनक्शा अभिलेखीकरण गर्ने...." निर्णय भएकोमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको पत्र संख्या २०८२/०८३, चलानी नं. ४४४, मिति २०८३/०२/०४ गतेको पत्रानुसार सबै स्थानीय तहमा भवन संहिताको अनिवार्य रुपमा कार्यान्वयन हुन, असुरक्षित र नियम विपरितका भवनहरुलाई अभिलेखीकरण गर्ने कार्य तत्काल रोक्ने व्यहोरा प्राप्त भएको हुँदा उक्त पत्र कार्यालयमा मिति २०८३/०२/०८ गते प्राप्त भएकोले मिति २०८३/०२/०४ गतेदेखि मिति २०८३/०२/०८ गतेसम्म कार्यालयमा अभिलेखीकरणका लागि दर्ता भएका भवनहरु साथै घरनक्शा अनुमति लिई अन्य प्रक्रियामा नआई निर्माण गरी मिति २०८३/०२/०८ गतेभित्र वडा कार्यालयको सिफारिस सहित पेश भएको फाईल संख्या १ (एक) लाई समेत अभिलेखीकरण गर्ने ।

**निर्णय नं. ३**

नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी नियमावली, २०८३, नेपालगञ्ज उपमहानगरपालिकाको एकिकृत स्थानीय संचार कार्यविधि, २०८३, नेपालगञ्ज पत्रकार कल्याणकारी कोष सञ्चालन निर्देशिका, २०८३ र नेपालगञ्ज उपमहानगरपालिकाको क्षमता विकास योजना,२०८२ स्वीकृत गर्ने ।

**निर्णय नं. ४**

यस कार्यालयको प.सं. २०७६/०७७ (प्रशासन शाखा), च.नं. ५८००, मिति २०७७/०३/०७ गतेको पत्रानुसार पदस्थापनाको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (जनशक्ति योजना तथा विकास शाखा), सिंहदरबार, काठमाडौंमा पठाइएकोमा मन्त्रालयको पत्र संख्या २०७७/०७८, च.नं. ४९, मिति २०७७/०४/२३ गतेको पत्रानुसार कामकाजका लागि परशुराम नगरपालिका, डडेलधुरा, सुदूरपश्चिम प्रदेशमा खटिनुभएका नेपाल ईन्जिनियर सेवा, सर्भे समूह, सहायक चौथो तह, अमिन श्री पदम कामीले पदस्थापना लागि सहमति सम्बन्धमा निवेदन पेश गर्नुभएको हुँदा निजलाई कामकाज गरिरहेको कार्यालयमा पदस्थापनाका लागि सहमति प्रदान गर्ने।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

## मिति २०८३/०२/२७ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. ५**

नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २ को बागेश्वरी मन्दिर पूर्व रहेको चिल्ड्रेन पार्कको परिसर तथा खुला रहेको स्थानमा ओपन जिमका सामानहरु जडान गर्ने र सो बापत खर्च हुने रकम चालु आ.व. २०८२/०८३ को "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु" खर्च शिर्षकबाट स्वीकृत लागत अनुमानका आधारमा खर्च हुने गरी उक्त कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ६**

नेपालगञ्ज उपमहानगरपालिकामा Gen-Z आन्दोलनको क्रममा क्षतिग्रस्त भएका बिरेन्द्र चोक, पुष्पलाल चोक र सेतु बि.क. चोकमा रहेका शालिकहरुको परिसरमा मर्मत तथा सौन्दर्यकरण गर्नको लागि नेपालगञ्ज उपमहानगरपालिकाको मर्मत सम्भार कोषबाट स्वीकृत लागत अनुमानका आधारमा खर्च हुने गरी उक्त कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ७**

नेपालगञ्ज उपमहानगरपालिका अन्तर्गतका तपसिल बमोजिमका स्वास्थ्य संस्थाहरुमा दैनिक ज्यालादारीमा कामकाजमा खटाईएका कर्मचारीहरुको ज्याला भुक्तानी सम्बन्धमा संघीय सशर्त अनुदानबाट निकासा भएको रकमबाट अपुग भएको हुँदा सो रकम निकासा नहुँदा सम्मका लागि हाललाई उपमहानगरपालिकाको आन्तरिक कोषबाट ज्याला भुक्तानि गर्ने र संघीय सशर्त अनुदान थप भई आएपछि हिसाब मिलान गर्ने ।

**तपसिल:**

| क्र.सं. | कर्मचारीको नाम, थर | कार्यरत कार्यालय | पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रतिमा कार्की | जयसपुर आयुर्वेद औषधालय | औषधी कुटुवा | |
| २. | वंशि बर्मा | परसपुर आयुर्वेद औषधालय | औषधी कुटुवा | |
| ३. | स्मारिका गुरुङ | भवनियापुर आयुर्वेद औषधालय | औषधी कुटुवा | |
| ४. | दल सिंगार यादव | परसपुर स्वास्थ्य चौकी | कार्यालय सहयोगी | |
| ५. | तुल्छा भण्डारी | शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र | अभ्यङ्गकर्ता | आयुर्वेद सेवा सुदृढिकरण तथा विस्तार कार्यक्रमबाट बाँडफाँट भएको |

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

CamScanner

मिति २०८३/०२/२७ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ८

आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बैकुण्ठधामको डिपिआर तयारी कार्यको लागि परामर्श सेवाको खरिद गर्न प्रस्ताव आह्वान भई प्रस्ताव छनौटको आशयको सूचना मिति २०८३।०२।२१ गते सम्बन्धित प्रस्तावदाता लाई पठाइएकोमा सम्झौता गरी कार्यान्वयन गर्नका लागि चालु आ.ब. २०८२।८३ मा सम्झौता अवधि अपुग हुने भएकाले उक्त परामर्श सेवाको अवधि आगामी आ.व. २०८३।८४ मा पनि खर्च ब्यहोर्न आवश्यक बजेट बिनियोजन गरी बहुवर्षीय योजनाको रुपमा कार्यान्वयन गर्ने ।

निर्णय नं. ९

नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा छाडापशु, घोडा, गधा, खच्चर लगाएतका पशुचौपायाहरु नियन्त्रणमा लिई उपमहानगरपालिकाको कान्जीहाउसमा पुऱ्याईएका जनावरहरुबाट उठेको कुल जरीवाना राजश्व रकमको २० (बीस) प्रतिशत रकम प्रोत्साहन स्वरुप कान्जीहाउस सम्म पुऱ्याउने कार्यमा खटिने नगर प्रहरी र सम्बन्धित कर्मचारीहरुलाई उपलब्ध गराउने र यस किसिमको छाडा पशु नियन्त्रण गरी कान्जीहाउस बुझाउने कार्यगर्ने अन्य सर्वसाधारण व्यक्तिहरुलाई समेत सोही बमोजिम बुझाएको जनावरबाट उठेको राजश्व रकमको २० (बीस) प्रतिशत साथै सार्वजनिक स्थलमा राखेको निर्माण सामग्रीबाट उठेको कुल जरीवाना राजश्व रकमको २० (बीस) प्रतिशत रकम प्रोत्साहन स्वरुप उक्त कार्यमा खटिने नगर प्रहरीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

निर्णय नं. १०

नेपालगञ्ज उपमहानगरपालिकाको राजस्व प्रणालीमा एकरूपता ल्याउन सांग्रिला सफ्टवेयरमा रहेको डाटालाई सुत्र प्रणालीमा स्थानान्तरण गर्ने, सांग्रिलामा देखिएको बाँकी बक्यौता रकमलाई सुत्र प्रणालीमा प्रारम्भिक मौज्दात बक्यौताको रुपमा कायम गर्ने ।

निर्णय नं. ११

नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा मुख्य सडकका विभिन्न स्थानहरुका नालीका ढक्कनहरु फुट्न गई पैदल यात्रुहरुलाई आवागमनमा समस्या तथा जोखिम रहेको हुँदा चालु आ.व. २०८२/०८३ को **"नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमहरु"** खर्च शिर्षकबाट स्वीकृत लागत अनुमानका आधारमा खर्च हुने गरी उक्त कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १२

नेपालगञ्ज उपमहानगरपालिकाको छाडा पशु चौपाया व्यवस्थापन तथा ढुवानी प्रोटोकल, २०८३, नेपालगञ्ज उपमहानगरपालिकाको बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकिकृत कार्यविधि, २०८३ र नेपालगञ्ज उपमहानगरपालिकाको मध्यम (ग) वर्ग अपाङ्गता भएका व्यक्तिहरुका लागि नि:शुल्क स्वास्थ्य बिमा सञ्चालन कार्यविधि, २०८३ स्वीकृत गर्ने ।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका